नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

प्रेस काउन्सिलको अध्यक्ष पदको लागि

दरखास्त आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८३/०२/०७

प्रेस काउन्सिलको रिक्त रहेको अध्यक्ष पदमा प्रतिस्पर्धात्मक प्रणालीद्वारा एकजना उम्मेदवार छनौट गरी नियुक्त गर्नुपर्ने भएकोले इच्छुक योग्य व्यक्तिले मिति २०८३/०२/१८ (सोमबार) कार्यालय समयभित्र दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। दरखास्त पेश गर्ने उम्मेदवारको लागि दरखास्त फारम, दरखास्तसाथ संलग्न गर्नुपर्ने योग्यता, आवश्यक कागजात लगायतको विस्तृत जानकारी सूचना तथा सञ्चार मन्त्रालयको वेवसाइट www.mocit.gov.np मा उपलब्ध छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

**प्रेस काउन्सिलको अध्यक्ष पदमा दरखास्त पेश गर्नका लागि योग्यता, आवश्यक कागजात तथा जानकारी**

१. **आवश्यक योग्यता**

क. नेपाली नागरिक,

ख. दरखास्त पेश गर्ने अन्तिम मितिसम्म तीस वर्ष पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको,

ग. कुनै विषयमा कम्तिमा स्नातक उतिर्ण गरेको,

घ. प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (१) को खण्ड (क) बमोजिमको योग्यता भएको,

ङ. वरिष्ठ अधिवक्ताको हकमा सोको प्रमाणपत्र प्राप्त गरेको,

च. पत्रकारिताको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका व्यक्तिको हकमा कम्तीमा १५ वर्ष काम गरेको र पत्रकार आचारसंहिता उल्लङ्घन अन्तर्गत सजाय नपाएको,

छ. कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको,

ज. प्रचलित कानून बमोजिम मनोनयन हुन अयोग्य नठहरिएको।

२. **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

क. संलग्न ढाँचा बमोजिमको आवेदन, दरखास्त फाराम र स्वघोषणा,

ख. नेपाली नागरिकता र राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि,

ग. योग्यता समेत खुल्ने व्यक्तिगत विवरण (Bio data),

घ. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षता प्रमाणपत्र समेत),

ङ. अनुभवको अवधि समेत खुल्ने कागजातको प्रतिलिपी,

च. नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size कागजमा तयार गरिएको ३००० देखि ५००० शब्दको शिलबन्दी व्यावसायिक कार्ययोजना,

***नोटः कार्ययोजनाको Cover Page मा आफ्नो नाम लेखिएको र अन्यत्र कहीं आफूलाई चिनाउने कुनै सङ्केत हुन नहुने।***

छ. हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो।

**** शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभव लगायतको कागजातमा स्वयंले हस्ताक्षरसहित प्रमाणित गरेको हुनुपर्नेछ।***

३. **दरखास्त पेश गर्ने स्थानः सूचना तथा सञ्चार मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरबार।**
**दरखास्त मन्त्रालयको ईमेल info@moic.gov.np मा समेत पठाउन सकिनेछ।**

४. रित नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुनेछैन। दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सूचना तथा सञ्चार मन्त्रालयमा निहित रहनेछ।

*नोटः*

*१. छनौट एवं मनोनयनको प्रक्रिया अबलम्बन गर्दा सम्बन्धित ऐन, नियम, सूचना तथा सञ्चार मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको मनोनयन सम्बन्धी दिग्दर्शन,२०८३ र मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको मनोनयन सम्बन्धी कार्यविधि, २०८३ को आधारमा हुनेछ।*

*२. थप जानकारी आवश्यक परेमा सूचना तथा सञ्चार मन्त्रालयको (सम्पर्क व्यक्तिः शा.अ सुप्रविणा पन्थी, फोन नं :- ०१-४२११९७९) मा सम्पर्क गर्न सकिनेछ।*

मिति : .......................

श्री सूचना तथा सञ्चार मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः <u>दरखास्त पेश गरेको ।</u>

श्री सूचना तथा सञ्चार मन्त्रालयको मिति ....................... मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम बैयक्तिक विवरण सहित ....................................................को ..............................................पदको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु।

हस्ताक्षर :

नाम, थर :

सम्पर्क नम्बर :

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

# दरखास्त फाराम

फोटो

## क. बैयक्तिक विवरण

१. उम्मेद्वारको नाम थर

नेपालीमा :

अङ्ग्रेजीमा :

२. जन्म मिति

वि.सं. : ई.स. :

३. स्थायी ठेगाना

प्रदेश : ............................ जिल्ला : ..................... पालिका : .................................... वडा नं......

४. अस्थायी ठेगाना

प्रदेश : ............................ जिल्ला : ..................... पालिका : .................................... वडा नं......

५. नागरिकताको प्रमाणपत्र नं. :............................................. जारी जिल्ला र मिति :.......................................

६. पति/पत्निको नाम :

७. बाबु/आमाको नाम :

८. बाजेको नामः

९. स्थायी लेखा नम्बरः

१०. सम्पर्क नम्बर :

११. इमेल ठेगाना :

## ख. शैक्षिक योग्यताको विवरण

| क.सं. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उत्तीर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ग. अनुभवको विवरण

| क.सं. | काम गरेको निकाय | पद | कार्य अवधि | | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## घ. संलग्न कागजातहरु :

१.

२.

३.

४.

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत :

मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. नाम, थर (नेपालीमा):

**Name (In English)**:

२. जन्म मितिः वि.सं.: इ.सं.:

३. स्थायी ठेगाना:

अस्थायी ठेगाना:

४. नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:

जारी मिति र जिल्ला:

५. सम्पर्क नं.:

६. इमेल:

७. शैक्षिक योग्यता:

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

१५. नियुक्ति हुँदाको बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुठ्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको -

दस्तखत:

दायाँ

बायाँ

मिति :

स्वघोषणा गराउने अधिकृतको-
(सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको)

दस्तखत:

नाम, थर:

पद:

कार्यालय: